वर्ष २० । अंक ५६ । काठमाडौं । बिहीवार, २९ कात्तिक २०८१ । Thursday, 14 November 2024 । पृष्ठ ८+८+४ । मूल्य रू. १०

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक प्रतिवेदन

## राप्ती हाइड्रो एण्ड जंनरल कन्स्ट्रक्सन लिमिटेड


ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर-११, काठमाडौं ।

फोन: ०१-५३३२७४८


**१) वित्तीय विवरण :**

क) आ.व.२०८१/०८२ को प्रथम त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण ।

### वित्तीय अवस्थाको विवरण

*(रकम रु. मा)*

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | असोज मसान्त २०८१ सम्ममा | अषाढ मसान्त २०८१ सम्ममा | असोज मसान्त २०८० सम्ममा |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | १,७१५,०९८,२४१.५६ | १,७१०,२०९,५४७.६८ | १,५१४,९८०,४४०.२५ |
| लगानी | ५४,३४१.०० | ५४,३४१.०० | ३४,१४१.०० |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **१,७१५,१५२,५८२.५६** | **१,७१०,२६३,८८८.६८** | **१,५१५,०१४,५८१.२५** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ३,७८५,८६८.७८ | ६,००६,२४४.२५ | १९,९४०,५३६.५४ |
| आसामीहरु | ५८,७६९,६०५.८४ | २०,९९५,९५८.६० | १९,७८२,६४९.७४ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | ३५,९२०,८४६.५० | ५६,६१४,२००.६५ | ३०१,३४५,८९८.१२ |
| **जम्मा चालु सम्पत्ति** | **९८,४७६,३२१.१२** | **८३,६१६,४०३.५०** | **३४१,०६९,०८४.४०** |
| **जम्मा सम्पत्ति** | **१,८१३,६२८,९०३.६८** | **१,७९३,८८०,२९२.१८** | **१,८५६,०८३,६६५.६५** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा कोष** | | | |
| शेयर पूँजी | ६१२,७९३,८००.०० | ६१२,७९३,८००.०० | ६१२,७९३,८००.०० |
| जगेडा कोष र संचित नाफा | (३३,००१,६८८.२०) | (४३,६४५,३३२.०६) | (२,४४६,७१०.५८) |
| **जम्मा पूँजी तथा जगेडा कोष** | **५७९,७९२,१११.८०** | **५६९,१४८,४६७.९४** | **६१०,३४७,०८९.४२** |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | ९८०,५७६,१५७.४८ | ९८३,९३३,८६६.२५ | ९७८,१५१,५०८.५२ |
| **जम्मा गैह्र चालु दायित्व** | **९८०,५७६,१५७.४८** | **९८३,९३३,८६६.२५** | **९७८,१५१,५०८.५२** |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यापारिक र अन्य दायित्व | २३०,४४५,५११.६७ | २२०,४७४,३५३.६५ | २६०,७१३,९०४.५७ |
| अल्पकालीन बैंक ऋण | २०,०००,३३०.९४ | २०,०००,३३०.९४ | ६,३६५,५६०.६८ |
| अन्य व्यवस्थाहरु | २,८१४,७९१.७९ | ३२३,२७३.३९ | ५०५,६०२.४५ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरु** | **२५३,२६०,६३४.४०** | **२४०,७९७,९५७.९८** | **२६७,५८५,०६७.७१** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,८१३,६२८,९०३.६८** | **१,७९३,८८०,२९२.१८** | **१,८५६,०८३,६६५.६५** |

### आय विवरण

*(रकम रु. मा)*

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | असोज मसान्त २०८१ सम्ममा | अषाढ मसान्त २०८१ सम्ममा | असोज मसान्त २०८० सम्ममा |
| **कुल आम्दानी** | ३२,७९२,६५२.७१ | १०७,८२३,०८७.१३ | १९,९६९,८४०.१९ |
| विद्युत उत्पादन खर्च | (४,०८२,५४४.५५) | (३५,३०३,१३०.०५) | (५,६४१,०७६.५७) |
| प्रशासनिक खर्च | (६५८,२८९.४३) | (३,१०५,७९१.९३) | (१,०६९,९२४.४६) |
| ह्रास खर्च | (४,१५१,३०६.१२) | (१६,५४३,७२३.२६) | (४,६३९,२५५.२९) |
| वित्तिय लागत | (२५,१०६,५३१.७९) | (११७,८०९,०४८.८४) | (२७,९९९,९१७.२८) |
| **खुद नाफा/(नोक्सान)** | **(१,२०६,०१९.१७)** | **(६४,९३८,६०६.९५)** | **(१९,३८०,३३३.४१)** |

नोट:

माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिने छ ।

लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धि विवरण निम्नाअनुसार छन्:**

| अवधी | प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण) | प्रतिशेयर नेटवर्थ रु. | तरलता अनुपात | प्रतिशेयर कुल सम्पत्तिको मूल्य रु. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्य सम्ममा | (०.७९) | ९४.६१ | ०.३९ | २९५.९६ | (५२०.८२). |

## २) व्यवसायिक विश्लेषण :

**क) त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धि विवरण:**

यस कम्पनीको रुकुम (पूर्व) जिल्लाको भुमे र सिस्ने गाउँपालिकामा ५ मेगावाट क्षमताको रुकुम गाढ जलविद्युत आयोजना सञ्चालनमा रहेको छ । उक्त आयोजनाबाट हाल २०८१ असोज मसान्त सम्मको बिल रकम सहित रु ५,१३,२८,८५७.७६ (अक्षरमा: पाँच करोड तेह्र लाख अठाईस हजार आठ सय सन्ताउन्न रुपैंया छयाहत्तर पैसा मात्र) आसामी बापतको रकम नेपाल विद्युत प्राधिकरणको नाममा रहेको छ । कम्पनीले उक्त रकम विद्युत खरिद बिक्री सम्झौता अनुसार बिलिङ्ग गरेको छ र उक्त रकम नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा) र कम्पनी बीच हिसाब मिलान हुन बाँकी रहेकोले सो रकम घटबढ हुन सक्ने छ ।

गत वर्षमा बाढीको कारणले रुकुम गाढ जलविद्युत आयोजनामा भएको क्षतिको दाबी इन्सयोरेन्स कम्पनीसँग गरिएको छ र उक्त दाबी settlement को चरणमा रहेको छ र हाल आयोजना पूर्ण रुपमा सञ्चालनमा रहेको जानकारी गराउँदछु ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**

यस कम्पनीले रुकुम गाढ जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरि विद्युतको व्यापारीक उत्पादन शुरु गरीसकेता पनि समय समयमा गरि रहने मर्मत सम्भारका कर्ममा दीर्घकालिन सम्पतिमा भएको लगानीलाई स्थिर सम्पतिमा समावेश गर्ने निति रहेको छ ।

क्रम्पनीले दीर्घकालीन ऋण चुक्ता गर्न १:१ हकप्रद शेयर आ.व. २०७९/०८० को वार्षिक साधारण सभाबाट पारित भइ विद्युत नियमन आयोगको अनुमति पछि धितोपत्र बोर्डमा निवेदन पेश गरी सकिएको छ ।

**ग) विगतको अनुभवबाट संगठित कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:**

यस कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पार्ने खालको घटना र अवस्था हाल सम्म देखिएको छैन । तर, मानवीय नियन्त्रण भन्दा बाहिरको दैविक प्रकोप (काबु बाहिर स्थिति) को असर भने सदा रहिरहने छ ।

## ३) कानुनी कारबाही सम्बन्धी विवरण :

यस त्रैमासिकमा कम्पनीले कसै विरूद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन ।

## ४) कम्पनीको शेयर कारोबार सम्बन्धी विश्लेषण:

**क) धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार:**

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रू. | अन्तिम मूल्य रू. | कारोबार भएको कुल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| ४९२.६० | ३४६.१० | ४१०.०० | ५७.०० | २३,३२८.०० |

**ख) धितोपत्र बजारमा भएको संगठित कम्पनीको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**

यस कम्पनीको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

## ५) समस्या तथा चुनौती :

नेपाल विद्युत प्राधिकरण अन्तर्गतको रुकुम पश्चिम-सल्यान-दाङ्गको विभिन्न खण्डको ३३ के.भी.प्रसारण लाइनमा बारम्बार आइराख्ने समस्याका कारण प्रत्यक्ष असर विद्युत उत्पादनमा परेको छ। साथै कम्पनीले वहन गर्नु परेको समस्या तथा चुनौतीहरु बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्था सरह नै छन् । अन्य समस्या र चुनौती समाधानका उपायहरु बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ ।

## ६) संस्थागत सुशासन :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

## ७) सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।